# राष्ट्रिय मानव अधिकार आयोग

National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## प्रेस-विज्ञप्ति

८ फागुन, २०८१

### घटनाको सत्य तथ्य छानविन गरी पीडितलाई न्याय प्रदान गर्न अनुरोध गर्दै आयोगद्वारा भारतीय मानव अधिकार आयोगलाई पत्राचार

भारतको ओडीसा राज्यको भुवनेश्वरस्थित कालिंगा ईन्सिटच्युट अफ ईन्डष्ट्रीयल टेक्नोलोजी (केआईआईटी) विश्वविद्यालयमा अध्ययनरत नेपाली विद्यार्थी प्रकृती लम्साल विश्वविद्यालयको छात्रावासमा मृत भेटिएको घटनाको सम्बन्धमा नेपाली विद्यार्थीले सत्यतथ्य छानविन गर्न माग गर्दा उनीहरुमाथि भएको कुटपीट र दुर्व्यवहारको घटनाको शीघ्र छानबिनको लागि यस आयोगले राष्ट्रिय मानव अधिकार आयोग भारतलाई पत्राचार गरेको छ ।

पत्रमा शंकास्पद मृत्युको घट्नाको अनुसन्धान गरी पीडितलाई न्याय प्रदान गर्न, विश्व विद्यालयमा कुटपीट भएका र दुर्व्यवहारमा परेका विद्यार्थीहरूलाई शीघ्र न्याय प्रदान गर्न, अध्ययनरत नेपाली विद्यार्थीहरूको पूर्ण सुरक्षाको प्रत्याभूति गर्दै भयरहित वातावरणमा अध्ययन गर्न पाउने अवस्था सुनिश्चित गर्न, घटनामा संलग्न विश्वविद्यालयका अधिकारीहरु तथा व्यक्तिहरुलाई कानूनी दायरामा ल्याई उत्तरदायी बनाउनको लागि आयोगले मिति २०८१/११/७ गते पत्राचार गर्दै राष्ट्रिय मानव अधिकार आयोग भारतलाई अनुरोध गरेको छ ।

साथै प्राप्त उजूरीको आधारमा आयोगले भारत स्थित नेपाली दुतावास र अन्य माध्ययमबाट समेत घटना र विद्यार्थीको अवस्थाको बारेमा जानकारी लिइरहेको छ । उक्त घटनाबाट उत्पन्न परिस्थितिका कारण विश्वविद्यालय छोडेर हिंड्न बाध्य नेपाली विद्यार्थीहरू अझैपनि भयरहीत वातावरणमा विश्व विद्यालय फर्कन नसकेको जानकारी प्राप्त भइरहेको हुँदा सो सम्बन्धमा थप कुटनीतिक पहल गरी विद्यार्थीहरूको अध्ययन गर्न पाउने वातावरण सिर्जना गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

श्यामबाबु काफ्ले

उपसचिव/सहायक प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org